लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
प्यूठान,नेपाल

ईमेल:- gharelupyuthan@gmail.com
csidb_pyuthan@yahoo.com

पत्र संख्या :२०८३/०८४

## ब्यवसायिक तथा सीपमूलक तालिम प्राप्त गर्न इच्छुक ब्यक्तिहरुले आवेदन पेश गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मिति २०८३/०५/०३**

यस कार्यालयको चालु आ.व.२०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत संचालन हुने तपसिल वमोजिमका ब्यवसायिक तथा सीपमूलक तालिममा सहभागी हुन ईच्छुक ब्यक्तिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालयमा स्वयं उपस्थित भई वा इमेल : gharelupyuthan@gmail.com मार्फत तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | तालिमको विवरण | तालिम अवधि | तालिम संचालन हुने मिति स्थान |
|---|---|---|---|
| १ | टायल मार्बल फिटर तालिम | ३९० घण्टे | पछि तय गरिनेछ। |
| २ | अचार बनाउने तालिम | कार्य विधिका आधारमा | पछि तय गरिनेछ। |
| ३ | कन्टेन्ट क्रियटिङ, भिडियो एडिटिङ र डिजिटल मार्केटिङ तालिम | कार्य विधिका आधारमा | पछि तय गरिनेछ। |
| ४ | अल्लोबाट कपडा बनाउने तालिम | कार्य विधिका आधारमा | पछि तय गरिनेछ। |

नोट :

- नागरिकताको प्रतिलिपी।
- निवेदन १८ वर्ष पुरा भएको लुम्बिनी प्रदेश भित्र स्थायी वसोबास भएको हुनु पर्नेछ।
- माथि उल्लेखित तालिम कार्यक्रमका लागि कम्तिमा १५ जना ब्यक्तिहरुको आवेदन पेश नभएमा उक्त तालिम संचालन गरिने छैन।
- टायल मार्बल फिटर तालिम ३९० घण्टे तालिमको हकमा तालिम पश्चात सीप परिक्षणमा समेत अनिवार्य सहभागी हुनु पर्नेछ।
- प्रारम्भिक तालिमको हकमा यस भन्दा अगाडी सोही प्रकृतिको तालिम नलिएको स्वघोषणा पेश गर्नु पर्नेछ।
- प्रशिक्षार्थीको योग्यता, छनौट, आचारसंहिता तथा तालिम सम्बन्धी अन्य कार्यविधि लुम्बिनी प्रदेश सरकारको "ब्यवसायिक तथा सीपमूलक तालिम संचालन कार्यविधि" बमोजिम हुनेछ।
- अन्य ब्यवस्था स्वीकृत कार्यविधि तथा कानुन अनुसार हुनेछ।
- तालिम आवेदन फाराम कार्यालयबाट, कार्यालयको फेसबुक पेज घरेलु प्यूठान र **Website**: csipyuthan.lumbini.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

**(थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, प्यूठानको फोन नं : ०८६-४२००७७ वा सूचना अधिकारीको मो.नं. ९८५७८६८०३७ मा सम्पर्क गर्न सकिनेछ।)**

२०८३/०५/०३
नि. उद्योग अधिकृत

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
प्यूठान,नेपाल

सम्पर्क नं. ०८६-४२००७७
ईमेल:- gharelupyuthan@gmail.com
csidb_pyuthan@yahoo.com

पत्र संख्या :२०८३/०८४
च.नं.

प्रथम पटक सूचना प्रकाशन मितिः२०८३/०५/०३

## प्रशिक्षक सूचिकृत हुने सम्बन्धि सूचना।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०८३/०८४ को स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत टायल मार्बल फिटर तालिम ३९० घण्टे सीप परिक्षण समेत, अचार बनाउने तालिम, कन्टेन्ट क्रियटिङ, भिडियो एडिटिङ र डिजिटल मार्केटिङ तालिम, अल्लोबाट कपडा बनाउने तालिम सञ्चालन गर्नु पर्ने भएकोले तपसिल बमोजिमका योग्यता पुगेका प्रशिक्षक तथा सहायक प्रशिक्षकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित कार्यालयमा सूचिकृत हुन अनुरोध छ।

**तपसिलः**

| क्र.सं. | पद | शैक्षिक योग्यता, तालिम वा अनुभव | कैफियत |
|---|---|---|---|
| १. | **प्रशिक्षक** | मान्यता प्राप्त शिक्षण संस्था/ विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधि प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उतीर्ण गरेको, प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तीमा ३ वर्षको कार्य अनुभव भए वा सम्बन्धित विषयमा सीप तह-२ उतीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको। | |
| २. | **सहायक प्रशिक्षक** | मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह/डिप्लोमा तह उतीर्ण गरी शिक्षण प्रशिक्षण तालिम लिएको वा प्राविधिक एल.एल.सी. वा सीप तह-१ उतीर्ण गरी २ वर्षको कार्य अनुभव भएको। | |

संलग्न गर्नुपर्ने कागजातहरुः

१.नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी।

२.शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी।

३.तालिम र अनुभवको प्रमाण-पत्र प्रतिलिपी।

२०८३/०५/०३
नि. उद्योग अधिकृत

थप जानकारीका लागिः-
सम्पर्क नः ०८६-४२००७७
९८५७८६६८०३७(सूचना अधिकारी)
Website:- csipyuthan.lumbini.gov.np
फेसबुकः- घरेलु प्यूठान, Page:-घरेलु तथा साना उद्योग कार्यालय, प्यूठान।

श्री मान् उद्योग अधिकृत ज्यू,                                        मितिः

घरेलु तथा साना उद्योग कार्यालय,

................... ।

विषयः प्रशिक्षक सूचीकृत सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयको आ.व............... को वार्षिक कार्यक्रम अनुसार .................................... तालिमको लागि प्रशिक्षक आवश्यक भएको ब्यहोरा जानकारी आएकोले मैले उक्त बिषयमा बिगतका केही वर्ष देखि तालिम प्रशिक्षकको रुपमा काम गर्दै आएको र त्यस तालिमको लागि मेरो योग्यता पनि पुग्ने हुँदा उक्त तालिमका लागि प्रशिक्षक सूचीकृत गरिपाउँ भनि तपसिल बमोजिम कागजात सहित यो निवेदन पेश गरेको छु।

तपसिल

१. नागरिकताको प्रतिलिपी ।

२. शैक्षिक योग्यताको प्रमाण पत्र प्रतिलिपी ।

३. सम्बन्धित बिषयको तालिम अनुभव अबधि....... वर्ष ।

४. सम्बन्धित बिषयको तालिम प्रशिक्षण गरेको अनुभव ।

५. प्रशिक्षक प्रशिक्षण तालिम लिएको वा नलिएको ।

निवेदक

नामः

ठेगानाः

हस्ताक्षरः

सम्पर्क नः

अनूची-२

दफा १२ को उपदफा (५) सँग सम्न्धित

मितिः २०८३/ / /

विषयः प्रशिक्षार्थी आवेदन फाराम ।

श्रीमान् उद्योग अधिकृतज्यू,
घरेलु तथा साना उद्योग कार्यालय, प्यूठान।

महोदय,

त्यस कार्यालयबाट सञ्चालन गरिने ................................................... तालिम कार्यक्रममा सहभागी हुने इच्छा भएकोले मेरो व्यक्तिगत विवरण, शैक्षिक योग्यता र नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि सहित यो निवेदन पेश गरेको छु । उक्त तालिममा सहभागी प्रशिक्षार्थीको रुपमा छनौट भएको अवस्थामा तालिम सम्बन्धी सम्पुर्ण नियम पालना गर्न मञ्जुर छु ।

व्यक्तिगत विवरण

१.निवेदकको नाम, थरः

२.ठेगानाः (क) स्थायीः

(ख) अस्थायीः

(ग) सम्पर्क मोवाइलः

३.शैक्षिक योग्यताः ४.उमेरः ५.लिङ्गः पुरुष/महिला

६. बिवाहित/अविवाहित ७.हालको पेशाः ८.परिवार संख्याः

९. परिवारको पेशाः

१०. पारिवारिक स्वमित्वमा रहेको जग्गाः ११.वार्षिक आम्दानीः

१२.यस भन्दा अघि कुनै तालिम लिनु भएको छ? लिएको भए

(क) तालिम दिने संस्था/कार्यालयको नामः

(ख) तालिमको विषयः

(ग) तालिमको अवधिः

१३. तालिम बिना कुनै सीप जानेको भए सो सीपको ब्यावसायिक उपयोगको भएको छ/छैन? उपयोग भएको भए सोको अवस्था ।

(क) स्वरोजगार (ख) ज्याला रोजगार

(ग) घरायसी प्रयोजनका उपयोग (घ) व्यवसायिक उपयोग छैन ।

१४. यो तालिम आवश्यक पर्नुको कारणः

१५. लक्षित वर्ग वा समुदाय .......... हो/होइन ।

तालिम पश्चात तालिम लिएको विषय अनुसारको उद्यम/व्यवसाय संचालन गर्न दृढ निश्चय गरेको छु ।

....................................

आवेदकको सही

मितिः